# माईजोगमाई गाउँपालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७५

**सभाबाट स्वीकृत मितिः २०७५।३।११**

**माईजोगमाई गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**नयाँबजार, ईलाम**

**१ नं. प्रदेश**

# माईजोगमाई गाउँपालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७५

**<u>प्रस्तावनाः</u>** गाउँपालिकाबाट गर्नु पर्ने आर्थिक सहायता वितरण कार्यलाई नियमित व्यवस्थित तथा पारदर्शि बनाउने सम्बन्धमा कार्यविधि व्यवस्थागर्न वाञ्छनीय भएकोले

माईजोगमाई गाउँपालिकाले माईजोगमाई गाउँपालिकाको आर्थिक कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ३१ बमोजिम गाउँपालिकाको आन्तरिक श्रोतबाट खर्च हुने गरी यो आर्थिक सहायता कार्यविधि २०७५ बनाई लागू गरेको छ ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम आर्थिक सहायता कार्यविधि २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** **परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउपालिका" भन्नाले माईजोगमाई गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "गाउँकार्यपालिका" भन्नाले माईजोगमाई गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले यस गाउँकार्यपालिको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) "उपाध्यक्ष" भन्नले यस गाउँकार्यपालिका उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नले यस गाउँपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "आर्थिक सहायता" भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराईने आर्थिक सहायता सम्झनु पर्दछ ।

(छ) "वडा समिति" भन्नले गाउँकार्यपालिको वडा समिति सम्झनु पर्दछ ।

(ज)"सभा" भन्नाले यस गाउँपालिको गाउँसभा सम्झनु पर्दछ ।

**३.** **<u>आर्थिक सहायताको लक्षित वर्ग तथा क्षेत्रहरुः</u>** यस गाउँपालिकाबाट उपलब्ध गराइने आर्थिक सहायताको लक्षित वर्ग तथा संभाव्य क्षेत्रहरु देहाय बमोजिम हुने छन् ।

(क) आर्थिक रुपमा ज्यादै जोखिममा रहेका व्यक्ति वा समूह

(ख) मानवीय हित कल्याण वा संरक्षणको दृष्टले सहायता गर्नु पर्ने भनी पहिचान भएका व्यक्ति वा समूह

(ग) गाउँपालिका क्षेत्र भित्रका विपन्न नागरिकको कल्याण विकास वा उन्नतिको लागि गैह्नाफा मूलक किसिमले सञ्चालन गरिने सामाजिक क्रियाकलापहरुमा संलग्न सामुदायिक समूह संघ संगठन

(घ) उपर्युक्त आधारहरुलाई समेत मध्यनजर गर्दै आर्थिक सहायता प्रदान गर्न अति आवश्यक भनी गाउँकार्यपालिको बैठकबाट सर्वसम्मत रुपमा निर्णय गरिए बमोजिमका लक्षित व्यक्ति वर्ग वा गैह्नाफा मूलक सामुदायिक समूह संघ संगठन

४. **<u>आर्थिक सहायता वितरण प्रकृयाः</u>** (१) आर्थिक सहायता पाउन योग्य लक्षित वर्ग समूह वा संगठनले सम्बन्धित वडा कार्यालयको सिफारिसमा तोकिएको ढाँचामा सो सहायता पाउनु पर्ने आधार प्रमाण र कारण खुलाई गाउँकार्यपालिको कार्यालयमा निवेदन दिनु पर्ने छ ।

(२) आर्थिक सहायता र सो को प्रकृया देहाय बमोजिम हुनेछः-

(क) रु. १००००/- (दश हजार रुपैंया सम्म) आर्थिक सहायता गाउँपालिकाको अध्यक्षले सम्बन्धित वडा कार्यालयको सिफारिस उपलब्ध गराउन सक्नेछ ।

(ख) रु. १०००१/- (दश हजार एक रुपैंया) भन्दा माथि रु. ३५००० (पैतिस हजार रुपैंया) सम्मको आर्थिक सहायता गाउँकार्यपालिकाको बैठकबाट निर्णय गराएर मात्र दिनु पर्नेछ ।

५. **<u>प्रतिवेदन पेश गर्नुपर्नेः</u>** (१) यस गाउँकार्यपालिकाको कार्यालयबाट त्रैमासिक रुपमा वितरण भएका आर्थिक सहायताहरुको एक मुष्ट विवरण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको वैठकमा पेश गरी स्वीकृत गराउनुपर्नेछ ।

(२) उक्त प्रतिवेदनमा आवश्यक ठहरिएमा गाउँकार्यपालिकाले वितरित आर्थिक सहायताको सदुपयोग भए नभएको सम्बन्धमा स्थलगत अनुगमन प्रतिवेदन समेत राख्न आवश्यक निर्देश गर्न सक्नेछ ।

६. **<u>आर्थिक सहायता वितरणका पूर्वशर्तः</u>** (१) यस कार्यविधि बमोजिम आर्थिक सहायता उपलब्ध हुने व्यक्ति तथा सामुदायिक संस्था संघ वा संगठनको लागि देहायको पुर्वशर्त पूरा गरेको हुनुपर्नेछः

(क) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा भै गाउँपालिकाको पेश्की बेरुजु नभएको

(ख) गाउँपालिकालाई नियमानुसार तिर्नुपर्ने कर महशुल सेवा शुल्क आदि तिरेको

(ग) संगठित संस्थाको हकमा कर चुक्त प्रमाणपत्र प्राप्त गरेको

(घ) नेपाल सरकारको कुनै निकायमा विधि पूर्वक दर्ता भएको वा गाउँपालिका भित्र स्थापना भएको संगठित संघ संस्था वा समूहको हकमा नियमानुसार यस नगरपालिकामा दर्ता भएको ।

(ङ) वार्षिक लेखा परीक्षणको व्यवस्था भै आधिकारिक निकायबाट सो अनुसार लेखापरीक्षण गरेको ।

७. **<u>प्राप्त आर्थिक सहायताको तोकिएको प्रयोजनमा खर्च गर्नुपर्नेः</u>** यस गाउँपालिकाबाट जुन प्रयोजनका लागि जे जिति रकम आर्थिक सहायताको रुपमा प्राप्त गरेको हो सोही प्रयोजनका लागि सो रकम खर्च गरेको हुनुपर्ने छ र सो को आधिकारिक प्रमाण कागजात गाउँकार्यपालिकाको कार्यालयको लेखा शाखामा पेश गर्नुपर्नेछ ।

८. **<u>स्थलगत अनुगमन समितिः</u>** यस गाउँपालिकाबाट वितरण हुने आर्थिक सहायताको प्रभावकारी उपयोग सम्बन्धमा आवस्यकता अनुसार स्थलगत रुपमा अध्ययन अवलोकन गरी गाउँकार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्न देहायको एक समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँकार्यपालिकाको कार्यालयको अधिकृत स्तरको कर्मचारी - संयोजक

(ख ) आर्थिक सहायता प्रदान गरिएको विषयसँग सम्बन्धित क्षेत्र हर्ने संयोजक - सदस्य

(ग ) प्रशासन शाखाको प्रमुख - सदस्य

(घ ) आर्थिक प्रशासन शाखाका प्रमुख - सदस्य

(ङ) ईन्जिनियर वा सब ईन्जिनियर मध्येबाट १ जना - सदस्य

९. **यसै कार्यविधि बमोजिम भए गरेको मानिने**: यस अघि गाउँपालिकाबाट प्रदान गरिएका आर्थिक सहायता समेत यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

१०. **कार्यविधिको व्याख्या संशोधन तथा अनुसूची थपघटः** यस कार्यविधिको आवश्यक व्याख्या संशोधन तथा अनुसूची थपघट गाउँकार्यपालिकाले गर्नेछ ।

**अनुसूची १**

**व्यक्तिको हकमा**

(बुँदा नं. ४ सँग सम्बन्धित)

मितिः

श्रीमान अध्यक्ष / प्रमुख प्रशासकीय अधिकृत ज्यू
माईजोगमाई गाउँकार्यपालिको कार्यालय नयाँबजार ईलाम

**विषयः आर्थिक सहायतता उपलब्ध गराई पाउँ ।**

महोदय

प्रस्तुत विषयमा...............................स्थायी ठेगाना भएको मलाई...................... गर्नुपर्ने भएकोले सोका लागि मेरो आर्थिक अवस्था अत्यन्त कम्जोर रहेकोले....................... का लागि रु....................... (अक्षेरी...........................) उपलब्ध गराइदिन हुन तपशिलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु । साथै मेरो यस गाउँपालिका सँग सम्बन्धित तिर्नु बुझाउनु वा फछ्यौंट गर्नुपर्ने कर महशुल बक्यौता वा पेश्की बेरुजु बाँकी नरहेको जानकारी गराउँदै प्राप्त सहयोग रकम जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि खर्च गर्ने सो नगरेको पाइएमा जुनसुकै कारवाही सजाय वा जरिवाना सहन भोग्न वा तिर्न बुझाउन सहमत भएको व्यहोरा सम्त अनुरोध छ ।

**भवदीय**

दस्तखतः

नाम थर

स्थायी ठेगानाः

सम्पर्क मो.नं.

**तपशिल**

१. नेपाली नागरिक्ताको प्रमाणपत्रको प्रतिलिपी १ थान

२. संगठित संस्थाकव हकमा दर्ता तथा करचुक्त प्रमाणपत्रको प्रतिलिपी

३. सम्बन्धित वडा कार्यालयको आर्थिक सहायतता उपलब्ध गराउनु पर्ने कारण आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र ।

## अनुसूची १ क

## संगठित संस्थाकको हकमा

(बुँदा नं. ४. १सम्बन्धित)

श्रीमान् अध्यक्ष/ प्रमुखप्रशासकीय अधिकृत ज्यू
माईजोगमाई गाउँपालिकाको कार्यालय ,नयाँबजार , इलाम ।

**विषयः आर्थिक सहायता उपलब्ध गराइदिनुहुन ।**

महोदय ,

प्रस्तुत विषयमा....................ठेगाना रहेको..........................संस्था/ समूह /संघलाई............................................ गर्नुपर्ने भएकोले संस्था समूह संघबाट विनियोजित ।रकम अपुग भएकोले सो प्रयोजनको लागि रु.................(अक्षरेपी..................................................)उपलब्ध गराइदिनुहुन तपशिलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरिएको छ । यस नगरपालिकासंग सम्बधित तिर्नु बुझाउनु वा फछ्र्यौट गर्नुपर्ने कर,महशुल ,बक्यौता वा पेश्की बेरुजु बाँकी नरहेको , नियमानुसार नगरपालिकाको कार्यालय वा प्रदेश वा केन्द्र सरकारको आधिकारिक निकायमा दर्ता भएको अवगत गराउँदै प्राप्त सहयोग रकम जुन प्रयोजनको लागि प्राप्त गरेको हो । सोही प्रयोजनका लागि खर्च गरिने व्यहोरा समेत अनुरोध छ ।

**संगठित संस्थाको तर्फबाट**

अध्यक्ष वा प्रमुखको नाम थरः
संस्थाको ठेगानाः
सम्पर्क नम्बरः

**तपशिल**

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी १ थान
२. संगठित संस्थको हकमा दर्ता तथा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
३. सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता उपलब्ध गराउनु पर्ने कारण आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र ।

## अनुसूची- २

(बुँदा नं. ५ सँग सम्बन्धित)

## प्रतिवेदनको ढाँचा

| क्र.सं. | सहायता पाउने व्यक्ति वा संस्थाको नाम थर | ठेगाना | सम्पर्क नं. | सहायता लिएको रकम | प्रयोजन | संस्थाको हकमा भए सो संस्थाको प्रमुख व्यक्ति र सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |